# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २४ अक्तूबर २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- पश्चिम बंगालमा मतदाता सूची गहन पुनरीक्षण एसआई आर नोभेम्बरको पहिलो सातादेखि शुरू हुने प्रबल सम्भावना छ।
- चुनाव आयोगले राज्यका एक हजार भन्दा बढ़ी बीएलओ हरूले आदेशको अनुपालन नगरेकोमा उनीहरूलाई नोटिस जारी गरेको छ।
- राज्य सरकारेल भाजपा विधायक तथा विपक्षी नेता शुभेन्दु अधिकारी विरूद्ध २०२२ मा दायर गरेको एफआईआर हरूलाई कोलकाता उच्च अदालतले रद्ध गरेको छ तर गिरफ्तारी देखि जोगाउने सुरक्षा कवच पनि फिर्ता लिएको छ।
- सुर्य उपासनाको महापर्व ‘ छठ पर्व’ भोलीदेखि खरनाका साथ आरम्भ हुन्दैछ।
- प्रधानमंत्री नरेन्द्र मोदीले २६ अक्टुबरको दिन अकाशवाणीको मनकी बात कार्यक्रमा आफ्नो विचार साझा गर्नु हुनेछ।

**एसआईआर**

आगामी विधानसभा निर्वाचनअघि पश्चिम बङ्गालसहित पाँच राज्यमा मतदाता नामावलीको विशेष सघन पुनरीक्षण (एसआईआर) प्रक्रिया नोभेम्बरको पहिलो सातादेखि सुरु हुने भएको छ। पश्चिम बङ्गालका मुख्य निर्वाचन अधिकारीको कार्यालयका एक वरिष्ठ स्रोतबाट यो जानकारी प्राप्त भएको हो । उहाका अनुसार, निर्वाचन आयोगले हिज दिल्लीमा आयोजित राज्यका मुख्य निर्वाचन अधिकारीहरू सँगको बसेको बैठकमा यस सम्बन्धमा संकेत दिएको हो। बैठकको अध्यक्षता मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले गर्नुभएको थियो भने आयोगका अन्य सदस्य सुखबीर सिंह संधू र विवेक जोशी पनि उपस्थित थिए।

**आगामी वर्ष पश्चिम बङ्गाल, असम, तमिलनाडु, पुदुचेरी र केरलमा विधानसभा निर्वाचन प्रस्तावित छन्। यी पाँचै राज्यका सीईओहरूसँग आयोगको पूर्ण बेञ्चले छुट्टाछुट्टै बैठक गरेर तयारीहरूको समीक्षा गरेको छ। आयोगका स्रोतका अनुसार, यी राज्यहरूलाई ‘एसआईआर’ प्रक्रियामा विशेष प्राथमिकता दिइनेछ, ताकि जनवरीको अन्त्यसम्म सबै कार्य सम्पन्न गर्न सकियोस्। किनकि यी राज्यहरूमा अप्रेलको अन्त्यसम्म निर्वाचन सम्पन्न गर्नुपर्ने भएकाले आयोगले जिल्ला निर्वाचन अधिकारी, निर्वाचन दर्ता अधिकारी (ईआरओ), सहायक ईआरओ र बूथ तहका अधिकारी (बीएलओ) का तालिम र नियुक्तिमा विशेष जोड दिएको छ। स्रोतका अनुसार, यसपालि ‘एसआईआर’ प्रक्रिया पूर्ण रूपमा डिजिटल हुनेछ। यसका लागि नयाँ मोबाइल एप्लिकेशन विकास भइरहेका छन्, जसले मतदाता नामावली अद्यावधिक गर्ने कार्य अझ पारदर्शी र सरल बनाउनेछ। यसैबीच, पश्चिम बङ्गालका सीईओ ले बैठकमा बीएलओहरू — जो प्रायः विद्यालयका शिक्षक हुने गर्छन् — उनीहरुको सुरक्षासम्बन्धी चिन्ता उठाएका छन्। धेरै बीएलओहरूले राजनीतिक तनावका कारण क्षेत्रमै गएर काम गर्न असुरक्षित महसुस गरेको बताएका छन्। आयोगले स्पष्ट पारेको छ कि बीएलओहरूको भूमिका केवल घर–घर गएर मतदाता सूचीसम्बन्धी फारम वितरण, संकलन र मतदाताको उपस्थितिको पुष्टि गर्ने मात्र हो। फर्जी नाम हटाउने अन्तिम निर्णय भने ईआरओहरूले लिनेछन्। आवश्यक परेमा उनीहरूले स्थलमै गएर जाँच गर्न सक्नेछन्। यदि कुनै बीएलओमाथि कुनै राजनीतिक दलले दबाउ सिर्जना गर्छ भने उनीहरूले सीधा आयोगलाई जानकारी दिनुपर्नेछ। त्यसपछि आयोगले आवश्यकताअनुसार पुलिस कारबाही गर्नेछ र जरुरी परे कानूनी वा सुरक्षासम्बन्धी कदम चाल्नेछ।**

**बीएलओ नोटिश**

चुनाव आयोगले पश्मिच बंगालका एकहजार भन्दाबढ़ी बुथ लेबल अध्किारीहरूलाई नोटिस जारी गरेको छ। चुनाव आयोगको निर्देशहरूलाई पालन नगरेकोमा यो नोटिस जारी गरिएको हो। चुनाव आयोगले नोटिसमा यो पनि उल्लेख गरेको छ कि यदि बीएलओ हरूको जवाफ सन्तोषजनक भेटिएन भने उनीहरू विरूद्ध जनप्रतिनिधि अधिनियम १९५० अन्तर्गत

कानूनी कारवाही गरिनेछ। भारतीय जनता पार्टीले आरोप लगाउँदै टिएमसी को इशारामा यी बीएलओ हरूले काम गरि रहेको भनेका छन्। भाजा विधायक तथा विधानसभामा विपक्षी नेता शुभेन्दु अधिकारीले यी बीएलओ हरू टिएमसी कैडरहरू रहेको गंभीर आरोप पनि लगाउनुभएको छ।

## शुभेन्दु अधिकारी -सुरक्षा कवच

पश्चिम बंगाल विधानसभामा विपक्षका नेता शुभेन्दु अधिकारीलाई ठूलो झट्का दिँदै कलकत्ता उच्च अदालतले वर्ष 2022-मा दिइएको सुरक्षा कवच (प्रोटेक्शन)-लाई फिर्ता लिएको छ। न्यायमूर्ति जय सेनगुप्ताको खण्डपीठले शुक्रवार यो फैसला सुनाएको हो । यसको साथै अदालतले शुभेन्दु अधिकारीविरूद्ध दर्ता 15 वटा एफआईआरलाई रद्द गरिदिएको छ । दिसम्बर, 2022- मा न्यायमूर्ति राजाशेखर मंथाको पीठले शुभेन्दु अधिकारीलाई सुरक्षा कवच दिँदै राज्य पुलिसद्वारा दर्ता 26 वटा एआईआरमाथि रोक लगाइदिएको थियो साथै यो निर्देश पनि दिएको थियो कि उहा विरुद्ध कुनै नयाँ एफआईआर दर्ता गर्न पूर्व अदालतको अनुमति लिन आवश्यक हुनेछ। यस आदेशको कारणले बितेको दुई वर्षमा उहा विरूद्ध नयाँ मामिला दर्ता हुन सकेको थिएन।
राज्य सरकारले हालैमा यसबाट जाँच प्रक्रिया बाधित भइरहेको बताउँदै यस आदेशलााई चुनौती दिएको थियो। दुवै पक्षको तर्क सुनेपछि उच्च न्यायालयले आज सुरक्षा कवचलाई हटाउने फैसला सुनाएको छ । आगामी वर्ष 2026- को विधानसभा चुनाउ हुन केही महिनापूर्व आएको यो फैसला विपक्षका नेताको लागि राजनीतिक रूपमा ठूलो झट्का मानिँदैछ। अब राज्य सरकारले उनीविरूद्ध थाँतीमा रहेको सिकायतहरूमाथि कारबाही गर्न शुरू गर्नसक्छ।

## मिरिक यातायातमा प्रतिबन्ध

मिरिक अनि सिलगढीलाई जोड्ने पुटुङको सडकमा अस्थायी प्रतिबन्ध लगाइएको छ। हाल आकस्मिक सवारी साधनहरू — विशेषगरी एम्बुलेन्स तथा चिकित्सकीय सेवाका गाडीहरूलाई मात्र टिङलिङ, नोल र पुटुङ मार्ग हुँदै यातायातको अनुमति दिइएको छ। सामान्य यात्रीहरुका लागि ट्याक्सी सेवा दूधेसम्म मात्र चल्ने व्यवस्था गरिएको छ। दूधेबाट सिलगढीसम्म यात्रीहरूका लागि वैकल्पिक व्यवस्था गरिएको छ। यसैबीच, व्यक्तिगत सवारी साधनहरूलाई घुम र खरसाङ मार्ग हुँदै सिलगढी जाने निर्देशन दिइएको छ। सम्बन्धित विभागले यात्रीहरूलाई अनावश्यक यात्राबाट जोगिन र सुरक्षालाई प्राथमिकता दिन आग्रह गरेको छ।यसै बीच दुधेमा निर्माण भैरहेको अस्थाई पुलको पनि लगभग 90 प्रतिशत निर्माण कार्य पुरा भैसकेको जानकारी प्राप्त भएको छ |

## साईभजन

दार्जीलिङको गोरखा रंगमंच भवनमा आज देखि दुई दिने साई नाम जाप, धुनी पूजा तथा भजन कार्यक्रम आरम्भ भएको छ। दार्जीलिङ जिल्लाका विभिन्न स्थानहरूबाट आएका भक्तहरूले सहभागिता गरिरहेका छन्। भोली २६ अक्टुबरको दिन यसको समापन हुनेछ।

## छठ पर्व

चारदिने सुर्यको उपासना पर्व छठ पर्व भोलीदेखि आरम्भ हुदैछ। भोली खरना हो अर्थात नहाय- खाय गरी महिलाहरूले विना अन्न जल ग्रहण गरि २८ तारिख बिहान सुर्योदय सम्म उपवास बसेर महाव्रत गर्नेछन्। यसका लागि दार्जीलिङ , खरसांग, कालेबुङ, , मिरिक , सिलगड़ी र तराई डुर्वसका नदीका किनाहरू अथवा शहरमा अस्थायी सांकेतिक पोखरी बनाउने र सजाउने कार्य आरम्भ भएको छ। दार्जीलिङको जीडिएनएस मैदान र ठाकूरबाड़ी अनि कालेबुङको मेलाटारमा भव्य रूपले छठ पर्व पालन गरिन्छ। यसै क्रममा सिलगड़ीको महानन्दा नदीको बगरलाई छेक्ने वेदी बनाउने तथा सजाउने कामहरू तीव्रगतिमा चलिरहेका छन्।

## पीएम रोजगार मेला

प्रधानमंत्री नरेन्द्र मोदीले भन्नुभएको छ कि रोजगार मेला युवाहरुको सपनालाई पूरा गर्ने माध्यम बनिसकेको छ । श्री मोदीले आज नयाँ दिल्लीमा आयोजित 17 औ राष्ट्रीय रोजगार मेलाको अवधि वीडियो संदेशमा यसो भन्नुभएको हो । कार्यक्रमको अवधि रोजगार मेला पहल अंतर्गत विभिन्न सरकारी विभागहरु अनि संगठनहरुमा नव-नियुक्त कर्मिहरुलाई 51 हजार भन्दा अधिक नियुक्ति पत्र सुम्पिएको छ । श्री मोदीले भन्नुभयो कि यी रोज़गार मेलाहरुको माध्यम द्वारानै 11 लाख भन्दा अधिक युवाहरुलाई नियुक्ति पत्र दिईएको छ । प्रधानमंत्रीले 'विकसित भारत योजना' को पनि शुरुआत गर्नुभयो जसको लक्ष्य तीन करोड़ पचास लाख युवाहरुलाई रोज़गार प्रदान गर्नु हो ।

## मन की बात

प्रधानमंत्री नरेन्द्र मोदीले आगामी २६ अक्टुबरको दिन आकाशवाणीको मन की बात कार्यक्रममा आफ्ना विचारहरू देश-विदेशका भारतीयहरूसित साझा गर्नु हुनेछ। बिहान ११ बजे देखि प्रसारित हुने यो कार्यक्रम आकाशवाणी तथा दूरदर्शनका सबै सच्यानलहरूमा सोझो प्रसारण गरिनेछ। ए.आई.आर ,डि.डि , सुचना तथा प्रसारण मंत्रालय, पी.एम.ओ माईगभ आदि युटयुब च्यानलहरूमा पनि यसको सोझो प्रसारण सुन्न सकिन्छ। हिन्दीमा प्रसारण पछि समस्त निर्धारित भारतीय भाषाहरूमा यसको अनुवाद साँझ प्रसारित हुनेछ।

**दक्षिण २४ परगना तनाव**

दक्षिण २४ परगना जिल्लाको काकद्वीपमा माँ कालीको प्रतिमा तोड़फोड़ र प्रतिमालाई पुलिसले कैदी भेनमा अप्रकारले हालेर लगेको मुद्दाले धेरै तनाव उत्पन्न भएको छ। प्रतिमालाई खण्डित गर्ने कुकृत्य तथा अपराधीलाई बचाउन पुलिसले प्रतिमालाई नै कैदी सरह भ्यानमा हालेर लगेको विरोधमा हजारौंको संख्यामा मानिसहरू भेला भएर विरोध जनाउँदै अपराधीलाई तत्माल पक्राउ गर्ने मांग गर्दै सड़क अवरूद्ध गरका छन्।